ADB ASIAN DEVELOPMENT BANK

Nepal: Rural Connectivity Improvement Project
नेपाल : ग्रामीण सडक सञ्जाल सुधार आयोजना

आयोजनाको नाम	नेपाल : ग्रामीण सडक सञ्जाल सुधार आयोजना
आयोजना नम्बर	४८२१८-००३
देश	नेपाल
आयोजनाको अवस्था	चालु
आयोजनाको प्रकार / सहायताको रूपरेखा	ऋण प्राविधिक सहायता
लगानीको स्रोत / रकम	**ऋण ३६२० - नेपाल : ग्रामीण सडक सञ्जाल सुधार आयोजना**

सहुलियत सामान्य पुँजीस्रोत लगानी /एसियाली विकास कोष	१००.०० मिलियन अमेरिकी डलर
प्राविधिक सहयोग ९४५७- नेपाल : दिगो विकासका लागि नेपाल ग्रामीण सडक क्षेत्रको संस्थागत सुदीढीकरण	
प्राविधिक सहायता विशेष कोष	१.०० मिलियन अमेरिकी डलर

रणनीतिक कार्यसूची	वातावरणीय दिगो विकास समावेशी आर्थिक विकास
परिवर्तनका संवाहक	सुशासन र क्षमता विकास निजी क्षेत्र विकास
क्षेत्र/उपक्षेत्र	**कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास - ग्रामीण बजार पूर्वाधार**
लैङ्गिक समता र मूलप्रवाहीकरण	प्रभावकारी लैंगिक मूलप्रवाहीकरण
विवरण	यस आयोजनाले देशको प्राथमिकतामा परेको १६ ग्रामीण जिल्लाका झन्डै ३८८ किलोमिटर ग्रामीण सडकको स्तरोन्नती गरी वर्षैभरि सूचारुयोग्य बनाउनेछ । यस आयोजनाले विषेशगरी सडकको गुणस्तरको अभिवृद्धि तथा व्यवस्थापनका साथै संस्थागत व्यवस्थापन, व्यवसायिक प्रक्रिया र विशेष गरी सडक व्यवस्थापन र सुरक्षाबारे क्षमता अभिवृद्धिलाई पनि केन्द्रीत गर्नेछ । प्रस्तावित आयोजनाले ग्रामीण क्षेत्रको दिगो विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध	नेपालमा कुल ग्राहस्थ उत्पादनको ३५ प्रतिशत तथा रोजगारीको क्षेत्रको ६५ देखि ७० प्रतिशतको योगदान कृषि क्षेत्रको छ । यद्यपि ग्रामीण क्षेत्रमा गरिबी व्यापक छ । कृषि क्षेत्रले खाद्य तथा रेसादार खाद्यान्नको उत्पादन तथा संसाधनमा आवश्यक बस्तु तथा रोजगारी र आयमा आफ्नो क्षमता अनुसारको प्रतिफल दिन नसकेको महसुस गरेर नेपालले सन् २०१५ मा कृषि विकास रणनीतिमा हस्ताक्षर गरेको छ । सरकारले कृषि क्षेत्रको सुधार गरी दीर्घकालीन कृषि उत्पादनको वृद्धिलाई ३ देखि ५ प्रतिशत पुऱ्याउनको लागि व्यापक रणनीतिक परिवर्तनको आवश्यकता महसुस गरेको छ । कृषि विकास रणनीतिले विकासका लागि व्यापारिक मूल्य चक्रको पहुँच विस्तारलाई जोड दिन्छ । कृषि उत्पादनको उच्च सम्भावना भएका क्षेत्रमा यातायातको पुहँच अविकसित सडक र आवातजावतका लागि मात्र हुने गरी सिमित छ जसले ढुवानीका साथै कृषि उत्पादनको गुणस्तर र मात्रालाई अझ सिमित पारेको छ । नेपालका १७ प्रतिशत ग्रामीण जनसंख्याले मात्रै वर्षभरि सडकको पहुँच प्राप्त गरेका छन् जबकी भारतमा त्यो संख्या ६० प्रतिशत छ भने बंगलादेशमा त्यो संख्या ३७ प्रतिशत छ । प्रस्तावित आयोजनाले ग्रामीण सडकलाई सुधार गर्दै वर्षभरि चल्ने गरी गुणस्तर वृद्धि गर्नेछ, जसले कृषि क्षेत्रलाई टेवा पुऱ्याउँदै ग्रामीण जनसंख्याको बजारसँगको पहुँच विस्तार गर्दै, व्यावसायिक अवसर तथा विषेश गरी दीर्घकालीन कृषि मूल्य शृंखलामा टेवा पुऱ्याउने छ जुन ग्रामीण क्षेत्रको गरिबी निवारणमा महत्वपूर्ण हुनेछ ।
प्रभाव	ग्रामीण समुदायबीचको सम्पर्क सञ्जाल, कृषि उत्पादकत्व तथा नेपालमा सामाजिक आर्थिक केन्द्रको सुधार हुनेछ

आयोजनाको प्रतिफल

प्रतिफलको विवरण	यातायात प्रभावकारी आयोजना कार्यान्वयन भएको सडकमा यातायात प्रभावकारिता वृद्धि
प्रतिफल प्राप्तिमा प्रगति	आयोजना क्रियाकलाप जारी

कार्यान्वयनको प्रगति

आयोजनाको नतिजाको वर्णन	निश्चित ग्रामीण समुदायबीचको ग्रामीण सडकको अवस्था सुधार हुनेछ, उत्पादकत्व हुने क्षेत्र तथा समाजिक आर्थिक केन्द्र सुधार हुने आरियोजना क्षेत्रको ग्रामीण पूर्वाधार तथा सडक प्रयोगकर्ताहरुको क्षमता अभिवृद्धि हुने
आयोजना कार्यान्वयनको प्रगति (नतिजा, गतिविधि र मुद्दाहरु)	- पहिलो चरणको टेन्डर (एनसिबी- ०१, एनसिबी- ०३ र एनसिबी- ०४) - दोस्रो चरणको टेन्डर (एनसिबी- ०७, एनसिबी- १० र एनसिबी- ११) जारी - तेस्रो चरणको टेन्डर (एनसिबी- ०५, एनसिबी- ०६ र एनसिबी- ०८ र एनसिबी- ०९) को विज्ञापन २६ मार्च २०१८ मा गरिने - निर्माण सुपरिवेक्षण परामर्शदाता (सिएस्फसी) को छनोट भइसकेको - आयोजना व्यवस्थापन पदामर्शदाता (पिएमसी) को छनोट जारी - क्षमता विकास परामर्शदाताको विज्ञापन जुन २०१८ मा गरिने - विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) का लागि परामर्शदाताको विज्ञापन जुन २०१८ मा गरिने
भौगोलिक अवस्थिति	केन्द्रीय क्षेत्र, पूर्वी क्षेत्र, पश्चिम क्षेत्र

सुरक्षणका क्षेत्रहरू

वातावरणीय	ख
अनैच्छिक पुनर्वास	ग
आदिवासी जनसङ्ख्या	ग

वातावरणीय र सामाजिक विषयबस्तुको सारांश

वातावरणीय पक्षहरू	सुरक्षण नीति २००९ अनुसार वातावरणीय प्रभाव मूल्यांकन गरिनेछ, जसमार्फत वातावरणीय प्रभाव व्यवस्थापन तथा न्यूनीकरणका उपायहरु खोजिनेछ ।
अस्वैच्छिक पुनर्वास	सामुदायिक सहभागिता खाका (सीपीएफ) तयार पारेर आयोजनको लागि स्वेच्छिक भूमिदान पद्धति विकास गरिनेछ । कार्यान्वयन गर्ने निकायले (i) आयोजना स्थलबारे जग्गाधनी तथा अन्य प्रभावित समुदायसँग पूर्ण रुपमा परामर्श गर्ने, (ii) जग्गाको स्वैच्छिक दानबाट प्रभावित समुदायको जीवनस्तरमा नकारात्मक असर नगर्ने र सरकारको गरिबी निवारण कार्यक्रमसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएको, (iii) कुनै पनि स्वैच्छिक दान मौखिक तथा लिखित रुपमा अभिलेख गरिनुका साथै कुनै स्वतन्त्र वा कानुनी पक्षबाट प्रमाणित गराउने, र (iv) यथोचित गुनासो संयन्त्रको व्यवस्था हुने कुराको निर्क्योल गर्नुपर्नेछ ।
आदिवासी जनसङ्ख्या	प्रस्तावित आयोजनाले सूचिकृत आदिवासी समुदायमा सूचिमा नपरेकासमुदायभन्दा भिन्नै किसिमको कुनै प्रभाव पर्ने देखिदैंन, सबै समुदायका व्यक्तिहरुले आयोजनाबाट समान लाभ ग्रहण गर्नेछन् । आयोजनाको सिपिएफले प्रस्तावित आयोजनाले पार्न सक्ने प्रभावलाई सम्बोधन गर्नका लागि कार्यसूचीसहितको क्रियाकलापहरु समावेश गर्नेछ ।

सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श

आयोजना निर्माणको अवधिमा	सम्भावित लाभग्राही भन्नाले ग्रामीण समुदायमा बस्ने बासिन्दा, कृषक, महिला, विपन्न समुदाय, व्यावसायिक सेवा प्रदायक, यातायात सेवामा आबद्ध, स्वास्थ्य कार्यकर्ता, शिक्षक, कृषि सेवा दिने सरकारी कर्मचारी पर्दछन् । प्रस्तावित आयोजनाको सन्दर्भमा समुदायमा परामर्श गर्दा उनीहरुका धारणा तथा सुझाव लिइएको निर्क्योल गर्नुपर्दछ ।
आयोजना कार्यान्वयको अवधिमा	

व्यावसायिक अवसर

परामर्श	आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि तथा भविष्यमा विस्तृत आरियोजना प्रतिवनेदन तयार पार्न एडिबीको निर्देशिका अनुसारको परामर्शदाताहरुको प्रयोग (सन् २०१३ र पछिल्ला संशोधनसमेत) अनुसार

सेवा	पर्म वा व्यक्तिलाई परामर्शदाताहरुको छनोट गरिन्छ ।
खरिद	आयोजना अन्तर्गतका निर्माण सामग्री तथा औजारहरुको खरिद एडिबीको खरिद निर्देशिका (सन् २०१५ र पछिल्ला संशोधनसमेत) का आधारमा गरिनेछ ।
जिम्मेवार एडीबी अधिकारी	ताइ, लि मिङ, Tai, Lee Ming
जिम्मेवार एडीबी विभाग	दक्षिण एसिया विभाग
जिम्मेवार एडीबी महाशाखा	वतावरण, प्राकृतिक स्रोत तथा कृषि महाशाखा
कार्यान्वयन गराउने निकाय	*स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग* *नेपाल*

समय तालिका

अवधारणा पारित	२४ जुलाइ २०१४
तथ्य प्राप्ति	०६ जुलाइ २०१७ - १६ जुलाई २०१७
व्यवस्थापन समीक्षा बैठक	११ अक्टुबर २०१७
स्वीकृति	११ डिसेम्बर २०१७
पछिल्लो समीक्षा भ्रमण (मिसन)	-
पछिल्लो आयोजना तथ्याङ्क	२१ मर्च २०१८

विवरण अद्यावधिक

ऋण ३६२०- नेपाल

महत्वपूर्ण तथ्यांकहरू

स्वीकृति	हस्ताक्षर मिति	प्रभावकारी मिति	समाप्ति		
			मूल	संशोधित	वास्तविक
११ डिसेम्बर २०१७	१२ फेब्रुअरी २०१८	१२ मार्च २०१८	१३ जुलाई २०२३	-	-

लगानी योजना		ऋणको उपयोगिता			
	कुल (रकम अमेरिकी डलरमा)	मिति	एडिबी	अन्य	खुद प्रतिशत
आयोजनाको खर्च	१३५.७२	सञ्चित ठेक्का सम्झौता			
एडिबी	१००.००	११ डिसेम्बर २०१७	७.११	०.००	७%
समकक्षी	३५.७२	सञ्चित खर्च			
सहलगानी	०.००	११ डिसेम्बर २०१७	०.००	०.००	०%

प्राविधिक सहायता ९४५७ - नेपाल

महत्वपूर्ण तथ्यांकहरू

स्वीकृति	हस्ताक्षर मिति	प्रभावकारिता मिति	समाप्ति		
			मूल	संशोधित	वास्तविक
११ डिसेम्बर २०१७	०३ जनवरी २०१८	०३ जनवरी २०१८	३० सेप्टेम्बर २०१९	-	-

लगानी योजना/प्राविधिक सहायताको उपयोगिता							सञ्चित खर्च	
एडिबी	सहलगानी	समकक्षी				जम्मा	मिति	रकम
		सरकार	लाभ प्राप्तकर्ता	आयोजनाको दाता	अन्य			
१,०००,०००.००	०.००	०.००	०.००	०.००	०.००	१,०००,०००.००	११ डिसेम्बर २०१७	०.००

आयोजना पेज	https://www.adb.org/projects/48218-003/main
सूचनाका लागि आग्रह	http://www.adb.org/forms/request-information-form?subject=48218-003
तयार पारएको मिति	१४ मे २०१८

आयोजना तथ्यांक विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा संकलित संक्षिप्त जानकारी दिइने हुँदा आयोजनाको प्रारम्भिक अवस्थामा केही जानकारी समावेश नभएका पनि हुन सक्छन् तर जानकारी प्राप्त हुनासाथ त्यसलाई पनि समावेश गर्ने गरिन्छ । आयोजना तथ्यांक विवरणमा प्रस्तुत गरिने प्रस्तावित आयोजनाका सूचनाहरू अनुमानित र सांकेतिक हुन् ।

एडीबीले यस आयोजना तथ्यांक विवरणमा प्रस्तुत सूचनाहरू कुनै किसिमको सुनिश्चितताबिना आफ्ना प्रयोगकर्ताहरूलाई स्रोतका लागि मात्र उपलब्ध गराएको हो । एडीबीले उच्च गुणस्तरीय सामग्री उपलब्ध गराउने प्रयाश गर्दागर्दै पनि यी सूचना 'यथा तथ्य'का आधारमा स्पष्ट वा अस्पष्ट कुनै किसिमको वचनबद्धता, व्यापारिक सीमितता र खास प्रयोजनका लागि उपयुक्त वचनबद्धताबिना उपलब्ध गराइएका हुन् र यी अनतिक्रम्य छन् । एडीबीले विशेष यस्ता कुनै सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै प्रकारको वचनबद्धता वा प्रतिनिधित्व गर्दैन ।